**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ७०

पुनरावेदन नं.-०७५-RB-०३४८

**मुद्दाः-मुल्य अभिवृद्धी कर ०६८/०६९**

| | |
|---|---|
| काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.११ त्रिपुरेश्वर स्थित कार्यालय रही संचालनमा रहेको नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडको अख्तियारी प्राप्त मानव श्रोत तथा विकास प्रमुख रश्मी राउत.....................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................ १<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ ........................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री भरत कुमार लकाई

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः विद्धान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।**

शुरु निर्णय गर्ने पदाधिकारीः –प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल ।

शुरु निर्णय मितिः २०७३/०४/१२

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५/०६/२३

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०६८/०६९ को मु.अ.कर तर्फ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम कर र जरिवाना समेत जम्मा

रू.९३,५३१ को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७३/०३/२४ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०३/२४ मा जारी भएको सूचना करदाताले मिति २०७३/०३/२६ मा बुझीलिई उक्त कर निर्धारण आदेशको सम्बन्धमा मिति २०७३/४/०६ मा जवाफ पेश गरेको देखिन्छ।

३. करदाताको जिकिर र पेश गरेको प्रमाण तथा कागजातलाई आधार बनाई प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको कर रकममा संशोधित गरी मू.अ.कर रु. ४२,९२४।- र जरिवाना रु ८,५८५। - र निर्णयको मितिसम्म थप दस्तुर तथा व्याज समेत गणना गरि हुने रकम समेत दाखिला गर्ने मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवनबाट मिति २०७३/०४/१२ मा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७३/४/१२ मा जारी गरेको आ.व. २०६८/०६९ को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०६/१३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. विपक्षी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको अन्तिम कर निर्धारण आदेश र सोलाई नै सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०६/२३/३ मा भएको निर्णय ।

६. विपक्षी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले अन्तिम कर निर्धारण गर्ने गरी मिति २०७३।४।१२ को निर्णयलाई आन्तरिक राजस्व विभागबाट मिति २०७५।६।२३ मा सदर गरी विपक्षीले उक्त कार्य मूल्य अभिवृद्धी कर ऐन,२०५२ को दफा १७ (१) तथा नियमावलीको नियम ३९ (१) को मर्म र मनसाय विपरित भएको, विजक जारी नगरेको भन्ने तथ्यको भावमा नै मूल्य अभिवृद्धी कर ऐन,२०५२ को दफा २० (१) बमोजिम कर भएको र सोही ऐनको दफा १९ बमोजिम थप दस्तुर, दफा २६ बमोजिमको व्याज तथा दफा २९ (१) बमोजिमको जरिवाना स्वतः आकर्षित हुने भनि शूरु अन्तिम कर निर्धारण आदेशलाई नै सदर गरी आन्तरिक राजश्व विभागबाट भएको निर्णय समेत बदर गरी पाउँ भन्ने व्यहोराको जिकीर लिई पुनरावेदकको तर्फबाट मिति २०७६/०२/०२ मा पुनरावेदन पत्र दर्ता भएको।

७. यसमा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १४० (३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०५/०४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भरत कुमार लकाईले बीमा ब्यबसाय गर्ने संस्था भएकाले अन्य संघ संस्थाको बीमा गर्ने तर आफ्नो संस्थामा भएका सवारी साधनको बीमा नगर्ने भन्ने प्रश्नै उठ्दैन। मार्केटिगंका कर्मचारीलाई बजार प्रवर्द्धनका लागि सवारी साधन दिने गरेको, निश्चित समयपछि कर्मचारीलाई नै हस्तान्तरण गरिने तर ब्यवसायको काममा निरन्तर खटिने प्रयोजनमा उपयोग भएकाले बीमा तथा सवारी साधन कर वापतको रकम संस्थाले खर्च दावी गरेको बेमनासिव हुने कानूनी ब्यबस्था छैन । तसर्थ, सवारी साधनको बीमा गर्दा तिरेको प्रिमियममा समावेश भएको मूल्यबृद्धि कर वापतको रकम पुनरावेदकले क्रेडिट दावी गरेकोमा उक्त दावीलाई अमान्य गर्ने गरेको तर्क कानून विपरीत भएकाले प्रत्यर्थीको कर निर्धारण आदेश बदरभागी छ भन्नुभयो।

९. प्रत्यर्थी ठूला करदाता कार्यालय एवं आन्तरिक राजश्व विभाग समेतका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्धान उपन्यायधिवक्ता श्री शम्भु कुमार बस्नेतले कर्मचारीले उपयोग गरेका सवारी साधनहरु कर्मचारीको रोजाईमा खरिद गरिने, कर्मचारीले आफ्नो तजवीजले उपयोग गर्ने र अन्त्यमा कर्मचारीलाई नै हस्तान्तरण गरिने भएकाले संस्थाको एकल स्वामित्व रहेको र ब्यवसायिक आय आर्जन संग मात्र सम्बन्धित भएको नदेखिदा मूल्यबृद्धि कर वापतको रकम पुनरावेदकले क्रेडिट दावी गरेकोमा उक्त दावीलाई अमान्य गर्ने गरेको तर्क कानून सम्मत भएकाले प्रत्यर्थीको कर निर्धारण आदेश सदर हुनु पर्दछ भन्नु भयो ।

१०. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका जिकिरहरु दुवै तर्फका विद्धान कानून व्यवसायीहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मूल्य अभिवृद्धी कर क्रेडिट दावी सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको निर्णय मिले नमिलेको र पुनरावेदन जिकिर बमोजिम गर्नुपर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णाय सवारीसाधन खरिद गरिने अवस्था देखि नै कर्मचारीको छनौटमा खरिद गरिने, प्रयोगको सर्वाधिकार कर्मचारीमा रहने, ईन्धन, मर्मत खर्च कर्मचारीले नै ब्यहोर्ने , सुरक्षा, हेरविचार कर्मचारीले नै गर्नुपर्ने देखिदा केवल ब्लु बुक र दर्ताका आधारमा मात्र संस्थाको स्वामित्व भन्न सकिने नदेखिदा आफनो स्वामित्वमा नरहने सवारी साधनको बीमामा तिरेको मूल्य अभिवृद्धी कर कट्टी दावी गर्न पाउने अवस्था देखिएन। कर्मचारीको स्वामित्वमा रहने सवारी साधनको बीमा रकम संस्थाको करयोग्य कारोवारसंग सम्बन्धित नभएकोले सो खर्चको मूल्य अभिवृद्धी कर मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १७ बमोजिम कर कट्टी गर्न नपाउने गरि ठूला करदाता कार्यालयबाट भएको निर्णय कानूनसम्मत देखिन आयो ।

११. माथि विवेचित आधारमा पुनरावेदक करदाताले आ.व.०६८/०६९ को मूल्य अभिवृद्धी कर निर्धारणको सम्बन्धमा शूरु कार्यालयको मिति ०७३/०४/१२ को निर्णय र सोलाई सर्मथन गर्ने गरी आन्तरिक राजश्व विभागबाट मिति २०७५/०६/२३ मा भएको निर्णय

मिलेको देखिदाँ सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसिल बमोजिम गर्नु ।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू---------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू---------------------------------३

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा मेरो सहमति छ ।

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
शाखा अधिकृतः सनिता लामा
इति सम्बत २०७६ साल मंसिर २ गते रोज २ शुभम्...................................................